# आमा समूहहरुको सशक्तीकरण तथा संस्थागत सुदृढिकरण कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७९

**माननीय मन्त्रीस्तरबाट स्वीकृत मिति- २०७९/०४/३१**

प्रदेश सरकार

**शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय**

गण्डकी प्रदेश

पोखरा, नेपाल

# आमा समूहहरुको सशक्तीकरण तथा संस्थागत सुदृढिकरण कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७९

पृष्ठभू मः

आमा समूह महिलाहरुको एक सामाजिक संगठन हो। यस्ता संगठनले महिला हिंसा विरुद्ध आवाज उठाउने तथा विभिन्न सामाजिक विकृतिहरु रोक्नुका साथै समाज सुधारको कार्यहरु समेत गर्दछन्। हिंसा पीडित, प्रभावित एवम् आर्थिक, सामाजिक, सांस्कृतिक तथा शैक्षिक लगायतका क्षेत्रहरुमा सकारात्मक तथा रचनात्मक परिवर्तनका लागि यस्ता समूहहरुको सशक्तीकरण तथा संस्थागत सुदृढिकरणका लागि यो मापदण्ड तयार गरिएको हो।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो मापदण्डको नाम "**आमा समूहहरुको सशक्तीकरण तथा संस्थागत सुदृढिकरण कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७९**" रहेकोछ।

(२) यो मापदण्ड स्वीकृत भएपछि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस मापदण्डमा,

(क) "मन्त्रालय" भन्नाले शिक्षा, सँस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले जिल्ला स्थित सामाजिक विकास कार्यालय सम्झनु पर्छ ।

(ग) "आमा समूह" भन्नाले प्रचलित कानुन वमोजिम टोल वा समुदायमा सामाजिक कार्यहरु गर्ने उद्देश्यले महिलाहरुबाट मात्र संचालित आमा समूहको नाममा दर्ता भएका सामाजिक संस्था सम्झनु पर्छ।

३. **उद्देश्यः** आमा समूहहरुको सशक्तीकरणका लागि संस्थागत सुदृढिकरणमा सहयोग गर्नु ।

४. **कार्यक्रम संचालनः** (१) मन्त्रालयले कार्यक्रमलाई कार्यान्वयन गर्ने सन्दर्भमा आमा समूहहरुको लागि लक्षित लागि देहाय बमोजिमका कागजातहरु सहित अनुसूचि १ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नको लागि राष्ट्रिय स्तरको पत्रिकामा १५ दिनको सूचना प्रकाशन गर्नेछ।

(क) सम्बन्धित स्थानीय तहको सिफारिस पत्र

(ख) जिल्लास्थित सामाजिक विकास कार्यालयको सिफारिस पत्र

(ग) संस्था दर्ता र नविकरणको प्रमाणपत्र,

(घ) स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्ध कर दर्ताको प्रमाणपत्र,

(ङ) कर दाखिला गरेको प्रमाण वा कर चुक्ताको प्रमाणपत्र,

(च) संस्थागत कार्ययोजना

(छ) विगत ३ वर्षमा गरेका सामाजिक कार्यहरुको मुख्य विवरण

(ज) पछिल्लो वैठकको निर्णय

५. **छनौट तथा सम्झौता प्रकृया: (१)** दफा ४ को १ बमोजिम सूचना प्रकाशन भएपछि मन्त्रालयमा प्राप्त हुन आउने कागजातहरुको विश्लेषण गरी छनौट गर्नुपूर्व मन्त्रालयले आवश्यकता अनुसार स्थलगत अनुगमन गर्न सक्नेछ।

(२) प्राप्त कागजातहरु एवम् स्थलगत अनुगमन समेतका आधारमा मन्त्रालयले आमा समूहहरुको छनौट गर्नेछ।

(३) आमा समुहहरुको छनौट गर्दा मन्त्रालयले अनुसूचि २ मा उल्लेखित आधारहरुलाई अबलम्बन गर्नेछ।

(४) उपदफा ३ बमोजिम छनौटमा परेका आमा समूहहरुलाई मन्त्रालयले सम्झौताको लागि जानकारी गराउनेछ।

(५) मन्त्रालयले सम्झौता पश्चात् आवश्यकता अनुसार अभिमुखिकरण कार्यक्रम तथा अनुगमन गरी निर्देशन समेत दिन सक्नेछ।

६. **संस्थागत सुदृढिकरणका लागि उपलब्ध गराइने सामानहरु सम्बन्धी व्यवस्था:** (१) मन्त्रालयले आमा समूहहरुको संस्थागत सुदृढिकरणका लागि देहाय बमोजिमका सामाग्रीहरु खरिदको लागि रकम उपलब्ध गराउनेछ:

(क) फर्निचर तथा फर्निसिङका सामाग्रीहरु (कुर्ची, टेवल, दराज, कार्पेट इत्यादी)

(ख) साइनवोर्ड, माइक, पंखा,

(ग) रेकर्ड अद्यावधिकका लागि आवश्यक रजिष्टरहरु

(घ) कार्यालय व्यवस्थापनका लागि अन्य आवश्यक सामग्रीहरु।

७. **भुक्तानीको लागि आमा समूहको जिम्मेवारी:** सम्झौता अनुसारका सामग्रीहरु खरिद गरी मन्त्रालयमा रकम भुक्तानीको लागि कागजातहरु पेश गर्दा अन्य कुराका अतिरिक्त देहायका कागजातहरु पेश गर्नुपर्नेछ:-

- सामानहरु खरिद गर्नु पूर्व आमा समूहको वैठक बसी सोको निर्णयको प्रतिलिपी
- खरिद आदेशको प्रतिलिपी।
- फर्निचर तथा फर्निसिङका सामाग्रीहरु, साइनवोर्ड, माइक, पंखा, कार्पेट, रेकर्ड अद्यावधिकका लागि आवश्यक सामानहरु खरिद।
- सामग्रीहरु खरिद गरेको सक्कलै विलहरु
- दाखिला रिपोर्ट तथा जिन्सी कितावमा आम्दानी वाँधेको प्रमाणित प्रतिलिपी
- खर्च अनुमोदन गरेको वैठकको प्रतिलिपी
- स्थानीय तह तथा सामाजिक विकास कार्यालयबाट कार्य सम्पन्नताको पत्र
- खरिद गरिएका सामग्रीहरुको रंगीन फोटोहरु

- आमा समूहको छाप
- आमा समूहको वैंक खाताको विवरण
- रकम भुक्तानीको लागि निवेदन।

८. **भुक्तानी प्रकृया:** मन्त्रालयबाट छनौटमा परेका आमा समूहहरुबाट भुक्तानी पाउनको लागि निवेदन प्राप्त भएपछि मन्त्रालयले आवश्यकता अनुसार सोको अनुगमन गरी गराई सम्बन्धित आमा समूहको बैंक खातामा रकम उपलब्ध गराउनेछ।

९. **अनुगमन तथा मूल्याङ्कन:** कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, सामाजिक विकास कार्यालय वा मन्त्रालयले तोकेको निकाय/व्यक्ति समेतबाट हुनेछ ।स्थानीय तहले आवश्यकता अनुसार कार्यक्रमको अनुगमन गर्न सक्नेछन् ।

१०. **बाधा अड्काउ फुकाउने अधिकार:** यस मापदण्डको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

११. **संशोधन तथा हेरफेर:** मन्त्रालयले आवश्यक देखेमा यस मापदण्डमा संशोधन एवं हेरफेर गर्न सक्नेछ।

# अनुसूची- १

## आमा समूहहरुले मन्त्रालयमा पेश गर्ने प्रस्तावको ढाँचा

श्री शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश, पोखरा, नेपाल।

**१. आमा समूहको विवरणः**

(क) नामः (ख) अनुमति पाएको मितिः

(ग) ठेगानाः.............जिल्ला.................गा.पा./न.पा..........वडा नं. ............. टोल

(घ) अध्यक्षको नामः ...........................

मोबाईल नं................. ईमेल.....

**२. कार्यक्रमको संक्षिप्त विवरणः**

(क) कार्यक्रमको नामः

(ख) लागत अनुमान अनुसारको रकम रु. ................. (अक्षरमा......................)

(ग) आमा समूहको तर्फबाट रु........................... (अक्षरमा......................)

(घ) मन्त्रालयमा माग गरेको रकम रु.................... (अक्षरमा......................)

(ङ) अन्य स्रोतबाट रु............................. (अक्षरमा......................)

(च) कार्यक्रम सम्पन्न हुन लाग्ने अवधि.......................................

**३. प्रस्ताव तयार पार्दा समावेश हुनु पर्ने मूख्य विवरणहरुः**

(क) कार्यक्रमको पृष्ठभूमिः ..................... ........................ .................... ....................... ............... ....................... ....................... .................. ........................... ....................... .................... ........................ ....................... ........................... ......... ...................... .................... ............................. ...................... ................... ............

(ख) कार्यक्रमको औचित्यः............... ..................... ................. ............................ ....................... ......................... ....................... ....................... ..................

(ग) कार्यक्रमको उद्देश्यः ................. .................. ......................... ......................... ..................... .................... ..................... ................... .....................

(घ) हाल आमा समूहमा रहेका सदस्यहरुको विवरण-

- स्थापनाकालका सदस्य संख्या-
- हाल कायम रहेका सदस्य संख्या-

(ङ) आफ्नो भवन भएको वा भाडा वा अन्य तरीकाबाट संचालित विवरण ..................... ....................... ........................ ....................... ..................... ....................... .................. .......................

(च) आमा समूहले प्रदान गर्दै आएका सेवाहरु................. ................. ...................... ..........
................ ................. ................

(छ) विगत तीन वर्षदेखि गरेका मुख्य मुख्य उपलब्धीपूर्ण कार्यहरुको विवरण................ ..................
................... ....................... ...................... .................... ...................... ......................
..................

(ज) हाल समूहमा उपलब्ध सामाग्रीहरु ( फर्निचर तथा फर्निसिङका सामाग्रीहरु, साइनवोर्ड, माइक, पंखा,कार्पेट, रेकर्ड अद्यावधिकका लागि आवश्यक सामानहरु)को विवरण-

(ज) आमा समूहलाई आवश्यक पर्ने सामग्रीहरुको विवरणः................... .................... ..........................
............................ ......................... .......................... ................ .................

(ञ) सामाग्रीको अभावले कार्य संचालनमा परेको अफ्ठ्याराहरुः................... .....................
.......................... ............................. .......................... ........................... .................
.................

(ट) अघिल्लो आर्थिक वर्षमा वसेको वैठकको संख्या....................

(ठ) समूहको पछिल्लो वैठकमा रहेको उपस्थिति संख्या-

(ट) आशातीत उपलब्धिः ................... .................... .......................... ..............................
......................... .......................... ................. .................

(ज) प्रस्ताव पेश गर्ने सेवा समूहको तर्फबाट

| | |
|---|---|
| नामः.................... ................ .......... | हस्ताक्षरः |
| पदः | मितिः |
| आमा समूहको छापः | मोवाइल नं. |

# अनुसूची -२

## प्रस्ताव मूल्याङ्कनका आधारहरु

| क्र.सं | सूचक | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | आमा समूहमा रहेका सदस्यहरुको संख्या | २० | | |
| | - १५ जना सम्म भए | १५ | | |
| | - १६ देखि २० जना सम्म भए | १८ | | |
| | - २१ वा सो भन्दा वढि भए | २० | | |
| २ | जग्गा/भवन आदि पूर्वाधारको उपलब्धता | १५ | | |
| | - आफ्नै भवनमा संचालित भए | १५ | | |
| | - भाडा वा अन्य प्रयोजनबाट संचालित भए | १२ | | |
| ३ | संस्थाको कार्य अनुभव | १५ | | |
| | - ३ वर्ष भन्दा कम भए | १० | | |
| | - ३ देखी ५ वर्ष सम्म | १२ | | |
| | - ५ वर्ष भन्दा वढि भए | १५ | | |
| ४ | कार्ययोजनामा उल्लेखित विषयहरु तथा सामाजिक क्षेत्रमा गरेका कार्यहरुको समग्र मूल्याङकन | २० | | |
| २ | स्थानीय तहबाट प्राप्त गरेको सहयोग | १५ | | |
| | - सहयोग प्राप्त नगरेको | १५ | | |
| | - सहयोग प्राप्त गरेको | १० | | |
| ३ | समूहमा हाल उपलब्ध सामग्रीको अवस्था | १५ | | |
| | - आवश्यक सामग्रीहरु नभएको | १५ | | |
| | - सामग्रीहरुको अपर्याप्तता | १० | | |
| जम्मा | | १०० | | |